# छत्रदेव गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) छत्रदेव गाउँपालिका, मितिः २०७६/०३/०७ (संख्या २**

**भाग–२**

**छत्रदेव गाउँपालिका, अर्घाखाँची**

**संवत् २०७६ सालको कार्यविधि नं. २**

**कार्यविधिको नाम : छत्रदेव गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता वितरणसँगै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७६**

**प्रस्तावना :** आफ्नो योग्यता, अनुभव, ज्ञान र सीपको प्रयोगद्वारा राज्यका निमित्त आफ्नो जीवनको महत्वपूर्ण उर्जा खर्च गरिसकेका ज्येष्ठ नागरिकहरुको जीवन सहज, सुरक्षित, सम्मानित गर्दै सामाजिक न्यायको प्रत्याभुति प्रदान गर्ने तथा घर नजिकै रहेको सरकारको अनुभूति गर्न पाउने अवसर प्रदान गर्ने उद्देश्यले छत्रदेव गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"सामाजिक सुरक्षा भत्ता वितरणसँगै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले छत्रदेव गाउँपालिका सम्झनुपर्दछ ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले छत्रदेव गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले छत्रदेव गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले छत्रदेव गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले छत्रदेव गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(च) **"स्वास्थ्य संस्था"** भन्नाले छत्रदेव गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी सम्झनुपर्दछ ।

(छ) **"स्वास्थ्यकर्मी"** भन्नाले प्रचलित कानून बमोजिम मान्यता प्राप्त चिकित्सक वा स्वास्थ्य संस्थामा कार्यरत तोकीएको तालिम प्राप्त स्वास्थ्यकर्मी सम्झनुपर्दछ ।

(ज) **"शिविर"**भन्नाले छत्रदेव गाउँपालिकाले सामाजिक सुरक्षा भत्तासँगै चौमासिक रुपमा सञ्चालन गर्ने निःशुल्क स्वास्थ्य शिविर सम्झनुपर्दछ ।

## परिच्छेद-२

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) प्रत्येक चौमासिक रुपमा सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविरको व्यवस्थापन गर्नु ।

(ख) शिविरका लागि विनियोजित बजेट खर्चलाई पारदर्शी बनाउनु ।

(ग) शिविर सञ्चालन मार्फत लक्षित समुह जेष्ठ नागरिक तथा असहाय, अपांग र बालबालिकाहरुमा लुकेर रहेका स्वास्थ्य समस्या पहिचान गर्नु ।

(घ) शिविरमा खटिने चिकित्सकहरु, स्वास्थ्यकर्मी एवं कर्मचारीहरुको भत्ता व्यवस्थापन गर्नु ।

**४. शिविर सञ्चालनः**

(क) शिविर प्रत्येक वडा कार्यालयमा सञ्चालन गरिनेछ ।

(ख) शिविर प्रत्येक चौमासिक रुपमा सञ्चालन गरिनेछ । सम्भव भएसम्म पहिलो शिविर असोज महिनामा, दोस्रो शिविर माघ महिनामा र तेस्रो शिविर जेठ महिनामा गरि एक बर्षमा जम्मा ३ पटक सञ्चालन गरिनेछ ।

## ५. शिविरमा खटाइने स्वास्थ्यकर्मी

(क) शिविर सञ्चालन हुने वडाको स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मी र चिकित्सकको टोलीले स्वास्थ्य परिक्षण गर्नेछन । एउटा वडाको स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी अर्को वडाको शिविरमा गई समेत सेवा प्रदान गर्न लगाउन सकिने छ ।

(ख) गाउँपालिकामा उपलब्ध चिकित्सक शिविरको लागि प्रयाप्त नभएमा स्वास्थ्य कार्यालय अर्घाखाँचीलाई अनुरोध गरिने छ र स्वास्थ्य कार्यालयअर्घाखाँचीले चिकित्सक उपलब्ध गराउनु पर्ने छ ।

## ६. शिविरमा आवश्यक औषधीको व्यवस्था

क) शिविरका लागि आवश्यक औषधी गाउँकार्यपालिका कार्यालयले स्वास्थ्य शिविर सञ्चालनका लागि विनियोजित बजेटबाट व्यवस्था गर्नेछ । बजेट प्रयाप्त नभएमा गाउँपालिकाले अन्य शिर्षकबाट खर्च गर्ने गरी बजेट व्यवस्था गर्ने छ ।

ख) स्वास्थ्य संस्थामा मौज्दातमा रहेका औषधी समेत प्रयोगमा ल्याउन सकिनेछ ।

## ७. शिविरमा संलग्न स्वास्थ्य कर्मचारीको दैनिक भत्ता तथा भ्रमण खर्च सम्बन्धी व्यवस्था

क) शिविरमा खटिने स्वास्थ्यकर्मीहरुलाई देहाय बमोजिम दैनिक भत्ता उपलब्ध गराईने छ ।

- मेडिकल अधिकृत स्तर र विशेषज्ञ चिकित्सकको लागि दैनिक रु.२०००।

- अधिकृत स्तरको कर्मचारी र स्वास्थ्यकर्मीका लागि दैनिक रु.१६००।
- सहायक स्तरको कर्मचारी र स्वास्थ्यकर्मीका लागि दैनिक रु. १२००।
- सहयोगी कर्मचारीको लागि दैनिक रु. १०००।

(ख) नियमानुसार दैनिक भ्रमण खर्च पाउने स्वास्थकर्मी तथा सहयोगी कर्मचारीलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको भ्रमण खर्च उपलब्ध गराईने छ ।

(ग) कार्यक्रममा गा.पा. भित्रका वडाहरुमा एक वडाबाट अर्को वडामा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई दैनिक भत्ता बाहेक नियमानुसार यातायात खर्च समेत उपलब्ध गराउन सकिने छ ।

(घ) स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीको दैनिक भत्ता तथा भ्रमण खर्च वापतको रकम शिविर सञ्चालनका लागि विनियोजित बजेटबाट व्यहोरिने छ। यदी उक्त शिर्षकमा बजेट नपुग हुने भएमा कार्यालयको दैनिक भ्रमण भत्ता शिर्षकबाट खुवाउने व्यवस्था गरिने छ ।

## ८. शिविर अनुगमन समिति

(क) सामाजिक सुरक्षा भत्ता संगै सञ्चालन हुने निशुल्क स्वास्थ्य शिविर कार्यक्रमको अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहने छ-

- गा.पा. अध्यक्ष – संयोजक
- गा.पा. उपाध्यक्ष – सदस्य
- प्रमुख प्रशासकीय अधिकृत गा.का.पा. – सदस्य

- संयोजक, सामाजिक विकास समिति, छत्रदेव गा.पा. – सदस्य
- लेखा अधिकृत,छत्रदेव गा.पा.– सदस्य
- स्वास्थ्य संयोजक, छत्रदेव गा.पा.– सदस्य
- स्वास्थ्य सह संयोजक, छत्रदेव गा.पा.– सदस्य

(ख) अनुगमन निरीक्षणका बखत प्राप्त सुझावलाई कार्यान्वयन गर्ने जिम्मेवारी स्वास्थ्य संयोजक र स्वास्थ्य सह संयोजकको हुनेछ ।

(ग) शिविरको अनुगमन वापत वडा प्रतिनिधिहरु समेत सबै सदस्यहरुलाई दैनिक रु. १०००। नियमानुसार कर कट्टी गरी उपलब्ध गराईने छ । अनुगमन भत्ता समितिले प्रतिवेदन पेश गरेपछी मात्र भुक्तानी गरिने छ ।

## ९. शिविर सञ्चालनको जिम्मेवारी

(क) शिविर सञ्चालनको मूख्य जिम्मेवारी स्वास्थ्य शाखाको हुनेछ । शिविर सञ्चालनका लागि स्वास्थ्य शाखाले अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श लिने तथा मातहतका स्वास्थ्य कर्मी हरु शिविरमा खटिई कामकाज गर्ने दायित्व हुने छ ।

(ख) शिविर सञ्चालनको समयमा खटिएका चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको उपस्थिति सम्बन्धित वडा कार्यालयले राख्नु पर्नेछ । सो हाजिरीको आधारमा लेखाशाखाले रकम भुक्तानी गर्नेछ ।

१०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ र गाउँकार्यपालिको निर्णय अन्तिम निर्णय हुनेछ ।

प्रमाणिकरण मितिः २०७६/०३/०७

आज्ञाले
**खिमानन्द भुसाल**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका